# रोजगार सम्झौता (नमूना)

उद्योग/व्यवसाय (नाम)........................................................................... (यसपछि प्रतिष्ठान/उद्योग भनिएको) र श्री ......................................................................... (यसपछि श्रमिक/कर्मचारी भनिएको) बीचमा दुवै पक्षले एक अर्कोलाई देहायका शर्तको अधिनमा रही सेवा सुविधा उपलब्ध गर्न गराउन मन्जुर भई यो रोजगार सम्झौता गरी एक आपसमा एक एक प्रति लियौं दियौं ।

१. प्रतिष्ठानले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

२. श्रमिकले प्रतिष्ठान प्रतिष्ठानको विनियमावलीमा तोकिएबमोजिमका कार्य इमान्दारीपूर्वक सम्पादन गर्नु पर्नेछ । दुवै पक्षले उचित श्रम अभ्यासको पालना गर्नु पर्नेछ ।

३. प्रतिष्ठानले श्रमिकलाई प्रतिदिन ८ घण्टा (पूर्ण) वा आंशिक सेवा उपलब्ध गराए वापत मासिक आधारभुत पारिश्रमिक तथा भत्ताहरू समेत गरी रु. ............................................ प्रतिमहिना उपलब्ध गराउने छ ।

४. श्रमिकले प्रचलित श्रम ऐन २०७४ तथा सो अन्तरगतका सेवा सुविधाहरू र कानूनी हक प्राप्त गर्नेछ ।

५. श्रमिकले खाइपाइ आएको पारिश्रमिक प्रतिष्ठानले घटाउने छैन । श्रमिकले प्रतिदिन काम गर्नुपर्ने समय प्रतिष्ठानले निर्धारण गर्नेछ ।

६. श्रमिकलाई पारिश्रमिक लगायतका आर्थिक सुविधा प्रतिष्ठानले बैंक खातामार्फत भुक्तानी गर्नेछ ।

७. प्रतिष्ठानले श्रमिकलाई प्रतिदिन ४ घण्टासम्म अतिरिक्त समय काममा लगाउन सक्नेछ । अतिरिक्त समय काम गरे वापत नियमित रुपमा सो समयावधि काम गर्दा पाउने आधारभुत पारिश्रमिकको डेढी पारिश्रमिक प्रतिष्ठानले श्रमिकलाई भुक्तानी गर्नेछ ।

१०. श्रमिकलाई अघिल्लो महिनाको पारिश्रमिक लगायतका सुविधा पछिल्लो महिनाको १५ गते अगावै प्रतिष्ठानले भुक्तानी गर्नेछ ।

११. श्रमिकले खाईपाई आएको एक महिनाको आधारभुत पारिश्रमिक बराबरको रकम चाडपर्व खर्चको रुपमा प्रतिष्ठानबाट भुक्तानी पाउनेछ ।

२१. दुवै पक्षले नेपाल सरकारको प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा अन्य कुराको हकमा प्रतिष्ठानले आन्तरिक व्यवस्थापनको लागि तयार गरेको विनियमावली बमोजिम गर्नु गराउनु पर्नेछ ।

| **प्रतिष्ठानको तर्फबाट** | **श्रमिक/कर्मचारीको तर्फबाट** |
|---|---|
| नाम, थर : | नाम, थर : |
| बहाल रहेको पद : | बहाल रहने पदः |
| दस्तखत : | स्थायी ठेगाना: |
| प्रतिष्ठानको छाप | जिल्लाः |
| | नगरपालिकाः |
| | वडा नः |

**ईति सम्बत् ............साल.................... महिना.................... गते रोज.............शुभम् ।**